# मकै बीउ उत्पादन तथा मकै बाली प्रवर्धन आयोजना कार्यान्वयन मापदण्ड, २०७९

*माननीय मन्त्रीस्तरबाट स्वीकृत मिति २०७९/०७/२५*

**प्रस्तावनाः** गण्डकी प्रदेशमा वैज्ञानिक खेती प्रणाली अबलम्वन गरी उन्नत एवं गुणस्तरीय बीज वृद्धि मार्फत मकै बालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै खाद्य तथा पोषण सुरक्षा प्रत्याभूत गर्नको लागि प्रभावकारी ढङ्गले मकै बीउ उत्पादन तथा मकै बाली प्रवर्धन आयोजना कार्यान्वयन गर्ने उद्देश्यले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

**१. प्राविधिक पक्षः**

(क) यस आयोजना अन्तर्गत देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन हुनेछन्।

(अ) मकैको बीज वृद्धि सम्बन्धी कार्यक्रम,
(आ) मकै बाली उत्पादन प्रवर्धन सम्बन्धी कार्यक्रम,
(इ) मकैको मूल्य अभिवृद्धि तथा ग्रामीण उद्योग स्थापना सम्बन्धी कार्यक्रम,
(ई) मकैको बजार प्रवर्द्धन सम्बन्धी कार्यक्रम,
(उ) बीउ नमूना संकलन, गुणस्तर परीक्षण तथा प्रमाणीकरण सम्वन्धी कार्यक्रम,
(ऊ) मकै बालीसँग सम्बन्धित सरोकारवालहरूको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम।

(ख) कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड देहाय बमोजिम हुनेछ।

| क्र.सं. | कार्यक्रमको नाम | न्यूनतम क्षेत्रफल | सञ्चालन प्रक्रिया |
|---|---|---|---|
| १. | मकैको बीज वृद्धि सम्बन्धी कार्यक्रम | तराईमा कम्तीमा ३ हेक्टर र पहाडमा कम्तीमा २० रोपनी | कम्तीमा १० घरपरिवार संलग्न तथा लाभान्वित हुने गरी कृषक समूह वा सहकारी संस्थामार्फत समुदायस्तरमा सञ्चालन हुने |
| २. | मकै बाली उत्पादन प्रवर्धन सम्बन्धी कार्यक्रम | कम्तीमा १०० रोपनी | |
| ३. | मकैको मूल्य अभिवृद्धि तथा ग्रामीण उद्योग स्थापना सम्बन्धी कार्यक्रम | - | कृषि सम्बन्धी फर्म, कम्पनी, कृषक समूह वा कृषि सहकारी संस्थामार्फत सञ्चालन हुने |
| ४. | मकैको बजार प्रवर्द्धन सम्बन्धी कार्यक्रम | - | |
| ५. | बीउ नमूना संकलन, गुणस्तर परीक्षण तथा प्रमाणीकरण सम्वन्धी कार्यक्रम | - | बीउ बिजन प्रमाणीकरण निर्देशिका, २०७४ तथा अन्य प्रचलित नियमानुसार सञ्चालन हुने |
| ६. | मकै बालीसँग सम्बन्धित सरोकारवालाहरूको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम | - | प्रचलित खर्चको मापदण्ड अनुसार सञ्चालन हुने |

भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

(ग) बीज वृद्धि सम्बन्धी कार्यक्रमबाट मकैको श्रोत बीउ, मूल बीउ, प्रमाणित बीउ र उन्नत बीउ उत्पादन तथा व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सकिनेछ। कार्यक्रम सञ्चालन गर्दा बीउ बिजन प्रमाणीकरण निर्देशिका, २०७४ को प्रावधान पालना गर्नु पर्नेछ।

(घ) मकैको मूल्य अभिवृद्धि तथा ग्रामीण उद्योग स्थापना कार्यक्रम सञ्चालन गर्दा मकैको मूल्य अभिवृद्धि तथा परिकार विविधीकरण सम्बन्धी साना तथा मझौला उद्योग स्थापना गर्न सकिनेछ।

(ङ) खण्ड (क) मा उल्लिखित कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम सञ्चालन गर्ने कार्यालयको सिफारिस बमोजिम कार्यक्रमको प्रकृति अनुसार उत्पादन सामाग्री (मल बाहेक) खरिद तथा व्यवस्थापन, सिँचाई व्यवस्थापन, यन्त्र उपकरण खरिद, बाली संरक्षण, उत्पादनोपरान्त व्यवस्थापन, प्रशोधन, भण्डारण र बजारीकरण सम्बन्धी कार्यहरु सञ्चालन गर्न सकिनेछ।

**२. आर्थिक पक्षः**

(क) स्वीकृत बजेटको परिधिभित्र रही देहायका कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिम अनुदान सहयोग उपलव्ध गराउन सकिनेछ।

| क.सं. | कार्यक्रमको नाम | अधिकतम अनुदान प्रतिशत |
|---|---|---|
| १. | मकैको बीज वृद्धि सम्बन्धी कार्यक्रम | कुल लागतको बढीमा नब्बे प्रतिशत |
| २. | मकै बाली उत्पादन प्रवर्धन सम्बन्धी कार्यक्रम | कुल लागतको बढीमा नब्बे प्रतिशत |
| ३. | मकैको मूल्य अभिवृद्धि तथा ग्रामीण उद्योग स्थापना सम्बन्धी कार्यक्रम | कुल लागतको बढीमा पचास प्रतिशत |
| ४. | मकैको बजार प्रवर्द्धन सम्बन्धी कार्यक्रम | कुल लागतको बढीमा पचास प्रतिशत |
| ५. | बीउ नमूना संकलन, गुणस्तर परीक्षण तथा प्रमाणीकरण सम्वन्धी कार्यक्रम | बीउ बिजन प्रमाणीकरण निर्देशिका, २०७४ तथा अन्य प्रचलित नियमानुसार सम्बन्धित कार्यालयले सञ्चालन गर्ने |
| ६. | मकै बालीसँग सम्बन्धित सरोकारवालहरूको क्षमता अभिवृद्धि सम्बन्धी | प्रचलित खर्चको मापदण्ड अनुसार सञ्चालन हुने |

(ख) मकैको बीज वृद्धि सम्बन्धी कार्यक्रम र मकै बाली उत्पादन प्रवर्धन सम्बन्धी कार्यक्रममा अनुदानको अधिकतम सीमा प्रति रोपनी रु. ५००० हुनेछ।

भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय प्रदेश सरकार गण्डकी प्रदेश पोखरा

३. प्रस्ताव मूल्याङ्कनका आधारः

(क) बीजवृद्धि सम्बन्धी कार्यक्रमको लागि मूल्याङ्कनको आधारः

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अंकभार |
|---|---|---|
| १. | **बीउ उत्पादन गर्ने क्षेत्रफल** | ४० |
| क) | तराईमा ३ हेक्टर वा पहाडमा २० रोपनी | २० |
| ख) | तराईमा ३ हेक्टर भन्दा बढी भएमा २० अंक प्रदान गरी थप क्षेत्रफलका लागि प्रति हेक्टर क्षेत्रफल ३ अंकका दरले थप गरी अधिकतम ४० अंकसम्म प्रदान गर्ने<br><br>पहाडमा २० रोपनी भन्दा बढी भएमा २० अंक प्रदान गरी थप क्षेत्रफलका लागि प्रति रोपनी १ अंकका दरले थप गरी अधिकतम ४० अंकसम्म प्रदान गर्ने | ४० |
| २. | **अनुदानको अवस्था** | १० |
| क) | पछिल्लो दुई आ.व. मा बीउ बिजन उत्पादन एवम् प्रशोधन कार्यका लागि अनुदान प्राप्त नगरेको | १० |
| ख) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यका लागि अनुदान प्राप्त गरेको | ५ |
| ३. | **बीउ उत्पादन सम्बन्धी अनुभव** | १० |
| क) | औपचारिक रुपमा बीउ उत्पादन कार्यको ५ वर्ष भन्दा बढी अनुभव भएको | १० |
| ख) | औपचारिक रुपमा बीउ उत्पादन कार्यको १ देखि ५ वर्ष सम्मको अनुभव भएको | ७ |
| ग) | बीउ उत्पादन कार्यको पारम्परीक अनुभव मात्र भएको | ५ |
| ४. | **बीउ उत्पादन हुने जग्गाको अवस्थिति** | १० |
| क) | बीउ उत्पादन कार्यक्रम सञ्चालन हुने जग्गा एउटै क्लष्टरमा भएको | १० |
| ख) | बीउ उत्पादन कार्यक्रम सञ्चालन हुने जग्गा एउटै क्लष्टरमा नभएको | ५ |
| | नोटः बुँदा ४ को प्रयोजनको लागि बीउ उत्पादन गरिने प्लट बीचको दुरी २०० मिटर भन्दा कम भएमा एउटै क्लष्टरमा भएको सम्झनुपर्छ। | |
| ५. | **व्यवसायिक योजना सम्बन्धी प्रस्ताव** (बजारीकरण, दिगोपना, नवीनतम सोच लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदनका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि १० अंक प्रदान गर्ने) | १० |
| | **जम्मा** | ८० |

(ख) मकै बाली उत्पादन प्रवर्धन कार्यक्रमको लागि मूल्याङ्कनको आधारः

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अंकभार |
|---|---|---|
| १. | **मकै बाली उत्पादन गर्ने क्षेत्रफल** | ४० |
| क) | कम्तीमा १०० रोपनी क्षेत्रफलमा उत्पादन गर्ने भएमा | २० |
| ख) | १०० रोपनी भन्दा बढी क्षेत्रफलमा खेती गर्ने भएमा २० अंक प्रदान गरी थप क्षेत्रफलका लागि प्रति ५ रोपनी क्षेत्रफल १ अंकका दरले थप गरी अधिकतम ४० अंकसम्म प्रदान गर्ने | ४० |

भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

| | | |
|---|---|---|
| २. | **अनुदानको अवस्था** | १० |
| क) | पछिल्लो दुई आ.व. मा मकै बाली उत्पादन कार्यका लागि अनुदान प्राप्त नगरेको | १० |
| ख) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यका लागि अनुदान प्राप्त गरेको | ५ |
| ३. | **मकै बीउ उत्पादन हुने जग्गाको अवस्थिति** | १० |
| क) | मकै उत्पादन कार्यक्रम सञ्चालन हुने जग्गा एउटै क्लष्टरमा भएको | १० |
| ख) | मकै उत्पादन कार्यक्रम सञ्चालन हुने जग्गा एउटै क्लष्टरमा नभएको | ७ |
| | नोटः बुँदा ३ को प्रयोजनको लागि मकै उत्पादन गरिने प्लट बीचको दुरी २०० मिटर भन्दा कम भएमा एउटै क्लष्टरमा भएको सम्झनुपर्छ। | |
| ४. | **व्यवसायिक योजना सम्बन्धी प्रस्ताव** (उत्पादन योजना, बाली संरक्षण योजना, बजारीकरण, दिगोपना, नवीनतम सोच लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदनका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि १० अंक प्रदान गर्ने) | १० |
| | **जम्मा** | ७० |

**(ग) मकैको मूल्य अभिवृद्धि तथा ग्रामीण उद्योग स्थापना सम्बन्धी र मकैको बजार प्रवर्धन सम्बन्धी कार्यक्रम लागि मूल्याङ्कनको आधारः**

| क.सं. | मूल्याङ्कनका आधार | अङ्क भार |
|---|---|---|
| १. | **कच्चा पदार्थको उपलब्धता** | ३० |
| क) | आफैले उत्पादन गर्ने | ३० |
| ख) | सम्बन्धित स्थानीय तहमा उत्पादन हुने | २५ |
| ग) | अन्य क्षेत्रबाट आयात गर्नुपर्ने | २० |
| २. | **प्रत्यक्ष रोजगारी सिर्जना** | २० |
| क) | ५ जना भन्दा बढी | २० |
| ख) | ३ देखि ५ जना | १५ |
| ग) | ३ जना भन्दा कम | १० |
| ३. | **उत्पादित वस्तुको बजार** | १० |
| क) | बजारको सुनिश्चितता भएको | १० |
| ख) | बजार खोज्नुपर्ने | ५ |
| ४. | **उद्यमको स्थिती** | १० |
| क) | नयाँ स्थापना | १० |
| ख) | पुरानो उद्यमको क्षमता विस्तार | ५ |
| ५. | **उद्यमको स्वामित्व** | १० |
| क) | कृषक समूह वा सहकारी संस्था | १० |
| ख) | कृषक, निजी फर्म वा कम्पनी | ७ |
| ६. | **अनुदानको अवस्था** | १० |
| क) | हालसम्म कुनैपनि अनुदान प्राप्त नगरेको | १० |

| | | |
|---|---|---|
| ख) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त नगरेको | ७ |
| ग) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेता पनि व्यवसाय/क्षेत्र विस्तारका लागि प्रस्ताव पेश गरेको । | ५ |
| ७. | **व्यवसायिक योजना सम्बन्धी प्रस्ताव** (नवीनतम सोच, दिगोपना, बजार योजना लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि १० अंक सम्म प्रदान गर्न सक्ने) | १० |
| | **जम्मा** | १०० |

## ४. प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरुः

(क) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा (१६) को उपदफा (३) बमोजिमका कागजातहरु।

(ख) समूह/सहकारी संस्थाको हकमा बैठक निर्णयको प्रतिलिपि,

(ग) खेती गरिने यथार्थ क्षेत्रफल सम्बन्धी विवरण खुलेको प्रस्तावित क्षेत्रको जग्गाधनी पूर्जाको प्रतिलिपि र जग्गा लिजमा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा न्यूनतम ५ वर्षको करार सम्झौताको प्रतिलिपि।

## ५. प्रस्तावको ढाँचा

(कार्यक्रम सञ्चालन गर्ने कार्यालयले प्रस्तावको ढाँचामा आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछ।)

(क) आवेदकको संक्षिप्त परिचय

| आवेदकको नाम | ठेगाना |
|---|---|
| कार्यक्रम सञ्चालन गर्ने स्थानको ठेगाना | प्रोपाईटर/ अध्यक्षको नाम<br>सम्पर्क नं |
| सम्पर्क व्यक्ति<br>सम्पर्क नं | संलग्न हुने कृषक घरधुरी संख्या |

**ख) सम्बन्धित खेती /व्यवसाय सम्बन्धी विवरण**

| क्र.सं. | कार्यक्रममा सहभागी हुन चाहने आवेदकको नाम | हाल उत्पादन भईरहेको क्षेत्रफल (हेक्टर/रोपनी) | हालको उत्पादन (मे.टन) | कार्यक्रम सञ्चालनबाट थप हुने क्षेत्रफल (हेक्टर/रोपनी) | थप हुने उत्पादन (मे.टन) | प्रशोधित उपजको अनुमानित उत्पादन परिमाण |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

(ग) कुल अनुमानित उत्पादन

(घ) कुल रोजगारी सृजना

(ङ) सञ्चालन हुने क्रियाकलाप

| क.सं. | क्रियाकलाप | एकाई | परिमाण | दर रु. | जम्मा लागत रु. | कार्यालयको अनुदान रु. | प्रस्तावकको साझेदारी रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १. | लागत साझेदारीमा सञ्चालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| २. | आफ्नै लगानीमा सञ्चालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |

(च) बजार व्यवस्था (बजार व्यवस्थापनको उपाय)

(छ) माग गरेको जम्मा अनुदान रकम रु.

(ज) अन्य व्यवसायिक योजना

- नवीनतम सोच (खेती/व्यवसाय सम्बन्धी कुनै नवीन सोच/ प्रविधि भए उल्लेख गर्नुहोस )

- अन्य केही विषय भए उल्लेख गर्ने :